कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार, सामाजिक सुरक्षा र रोजगार।
भगवानपुर गाउँपालिकाको समृद्धिको आधार!!

# भगवानपुर गाउँपालिका

## भगवानपुर, सिरहा
## मधेश प्रदेश, नेपाल

गाउँसभाको १५ औं अधिवेशन

२०८३ आषाढ १० गते

# भगवानपुर गाउँपालिकाको गाउँसभाको १५ औं अधिवेशनमा गाउँपालिका अध्यक्ष श्री उग्र नारायण यादवज्यूद्वारा प्रस्तुत

## आ. व. २०८३/८४

## को वार्षिक

## नीति तथा कार्यक्रम

भगवानपुर गाउँपालिका

भगवानपुर, सिरहा

मितिः २०८३/०३/१०

**आदरणीय यस गरिमामय सभाका**

**प्रमुख अतिथिः** माननीय मन्त्री मनोज कुमार सिंह ( शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेश सरकार)

**विशिष्ट अतिथिः** श्री रेखा कुमारी यादवज्यू, (गाउँपालिका उपाध्यक्ष)

**विशिष्ट अतिथिः** श्री रामचन्द्र यादवज्यू (पूर्व मन्त्री)

**विशिष्ट अतिथिः** श्री राजलाल यादवज्यू (पूर्व मन्त्री)

**विशिष्ट अतिथिः** श्री राम शंकर यादवज्यू (पूर्व प्रतिनिधि सभा सदस्य, सिरहा क्षेत्र नं. १)

**विशिष्ट अतिथिः** श्री अशोक कुमार यादवज्यू (पूर्व प्रदेश सभा सदस्य)

**विशिष्ट अतिथिः** श्री बेचन प्रसाद यादवज्यू, (पूर्व गा. पा. अध्यक्ष)

**विशिष्ट अतिथिः** श्री देव नारायण यादवज्यू (पूर्व प्रधानपञ्च)

**अतिथिः** श्री सिता देवी यादवज्यू, (पूर्व गा. पा. उपाध्यक्ष)

**अतिथिः** श्री धर्मदेव यादवज्यू (पूर्व उपाध्यक्ष)

**अतिथिः** प्रा. डा. नमो नारायण झाज्यू

**अतिथिः** स. प्र. ना. उ. नरेश कुमार खड्काज्यू

**अतिथिः** श्री मुकेश पाठकज्यू, ठाडी भंसार कार्यालय

**वडा अध्यक्षज्यूहरुः** श्री मिरा देवी यादव, श्री सुर्य नारायण यादव, श्री विनोद कुमार यादव, श्री राम कुमार यादव, श्री अमरलाल यादव

**कार्यपालिका सदस्यज्यूहरुः** श्री विन्देश्वरी देवी धानुक, श्री निर्मला पासमान, श्री लजिमा खातुन, श्री हिरा देवी दास, श्री भगवती प्रसाद साहु सुडी, श्री ललिता देवी मंडल

**प्रमुख प्रशासकीय अधिकृतः** श्री प्रमोद कुमार साहज्यू

**आर्थिक प्रशासन प्रमुखः** श्री भरत दासज्यू

**विषयगत शाखाका प्रमुखज्यूहरुः** श्री संजय कुमार साह, ई. श्री ओम प्रकाश यादव, श्री ओम कुमार यादव, श्री राम सुन्दर दास, श्री बलमिन्द्र कुमार यादव, श्री अनिता कुमारी यादव, श्री डम्बर नारायण महतो, श्री राजेन्द्र प्रसाद यादव, श्री बाल गोविन्द यादव, श्री दुर्गानन्द साह, श्री प्रदिप कुमार साह, श्री दयानन्द चौधरी, श्री रिना कुमारी सिंह

**मा. वि. का प्र. अ.ज्यूहरुः** श्री विजय कुमार यादव, श्री शैलेन्द्र कुमार यादव, श्री कविता कुमारी ठाकुर

**स्वास्थ्य संस्था प्रमुखज्यूहरुः** डा. हिरालाल कामती, श्री भोगिलाल यादव, श्री धर्मनाथ यादव, श्री संजिव कुमार यादव, श्री देवेन्द्रदेव यादव

वडा सचिवहरुः श्री अभिनन्दन यादव, श्री विनोद कुमार यादव

**आधारभुत विद्यालयका प्र. अ. ज्यूहरुः** श्री सत्य नारायण यादव, श्री विष्णुदेव यादव, श्री उषा कुमारी कर्ण, श्री श्रीलाल मण्डल, श्री राम नारायण यादव, श्री नथुनी यादव, श्री सुभकलाल यादव, श्री पवन कुमार चौधरी, श्री कृष्णदेव साह, श्री मनकलाल साह, श्री रामबिलास यादव, श्री रामदेब साह, श्री मिना कुमारी यादव, श्री फिरोज साफी

**वडा सदस्यज्यूहरुः** श्री भुटी सदाय, श्री ईन्द्र प्रसाद यादव, श्री सोमनी देवी यादव, श्री रहमान मियां, श्री कुन्देश्वर यादव, श्री रेखा देवी राम, श्री रामभरोस यादव, श्री सुदिलाल यादव, श्री राम कुमारी पासमान, श्री जिवछी देवी मण्डल, श्री जिवछ प्रसाद यादव, श्री कामेश्वर प्रसाद साह तेली, श्री राममुर्ति खत्वे

अतिथिः प्र. ना. नि. श्री विजय कुमार बस्नेत

अतिथिः प्र. स. नि. श्री अमोद खड्का

अतिथिः श्री सूर्य प्रसाद यादव (नेकपा एमाले) - पार्टी प्रतिनिधि

अतिथिः श्री सुभाष यादव (नेपाली काँग्रेस)- पार्टी प्रतिनिधि

अतिथिः श्री चन्द्रबीर यादव (जसपा नेपाल)- पार्टी प्रतिनिधि

अतिथिः श्री चन्द्र नारायण यादव (नेपाली कम्युनिष्ट पार्टी)- पार्टी प्रतिनिधि

अतिथिः श्री रमेन मण्डल (जनमत पार्टी)- पार्टी प्रतिनिधि

अतिथिः श्री रामनाथ यादव (राष्ट्रिय स्वतन्त्र पार्टी)- पार्टी प्रतिनिधि

**यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयका प्रधानाध्यापक, शिक्षक एवं विद्यालय कर्मचारी**

वडा सचिवहरु तथा उपस्थित सम्पूर्ण कर्मचारी, आमा बुबा, दाजुभाइ, दिदीबहिनी, समाजसेवी बुद्धिजिवी, उद्योगी, व्यावसायी, सुरक्षाकर्मी, पत्रकारबन्धु लगायत यस सभामा उपस्थित सम्पुर्ण महानुभावहरु,

१. यस गरिमामय सभामा भगवानपुर गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। भगवानपुर गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न क्षेत्रका बुद्धिजीवीहरुले दिनुभएको

सल्लाह, सुझावलाई हृदयदेखि मनन गर्दै सम्पूर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु।

भगवानपुर गाउँपालिकाको गाउँसभाको १५ औं अधिवेशनमा म भगवानपुर गाउँपालिकाको अध्यक्ष तथा सभा अध्यक्षको हैसियतले यस गाउँसभामा उपस्थित हुनुभएका सम्पूर्ण गाउँसभा सदस्य लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दै भगवानपुर गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम र संक्षिप्त बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. गाउँसभाको यस सुखद अवसरमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्र स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जनआन्दोलन, सशस्त्र संघर्ष मधेश आन्दोलन तथा गत भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनको क्रममा सहादत प्राप्त गर्नुभएका सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु। दिवंगत आत्माको चीर शान्तिको कामनाका साथै सम्पूर्ण शहिद परिवारहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु।साथै विभिन्न चरणको आन्दोलनका क्रममा घाइते भई शारीरिक तथा मानसिक रुपमा अशक्त हुनु भएका व्यक्तिहरु प्रति हार्दिक सहानुभूति प्रकट गर्दै शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

३. विश्वव्यापी भू-राजनीतिक परिस्थितिका कारण ऊर्जा आपूर्ति प्रणालीमा चुनौती उत्पन्न भएको छ। विशेषगरी इजराइल—इरान द्वन्द्वका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य वृद्धि, ढुवानी मार्गमा अवरोध तथा आपूर्ति अनिश्चितता देखिएको छ। नेपालले आफ्नो सम्पूर्ण पेट्रोलियम आवश्यकता आयातमार्फत पूर्ति गर्ने भएकाले यस्ता अन्तर्राष्ट्रिय घटनाक्रमको प्रत्यक्ष प्रभाव राष्ट्रिय अर्थतन्त्र, यातायात, उद्योग, कृषि तथा जनजीवनमा पर्ने गरेको छ। हालका क्षेत्रीय तनावहरूले अन्तर्राष्ट्रिय तेल आपूर्ति तथा मूल्यमा दबाब सिर्जना गरेको र नेपालमा समेत इन्धन तथा एलपी ग्यासको आपूर्ति व्यवस्थापन चुनौतीपूर्ण बनेको देखिन्छ।आन्तरिक र वाह्य बसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान बस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन। उब्जाउ खेतबारी बाँझो हुन पुगेका छन। यस सन्दर्भमा युवालाइ देशभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइलाइ आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन।यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ।सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ ।यसका लागि बिद्युतीय सुशासन प्रणालीलाई सेवा प्रभावहमा ब्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ।

४. विगत चार वर्षमा हामीले आफूलाई साझा प्रतिनिधिको रुपमा भेदभावरहित, पक्षपातरहित, सबै वर्ग, समुदाय र तप्काका लागि सुखदुःखको साथी भई अगाडि बढेका छौं। यस कार्यकालको बाँकी अवधिमा समेत आफूलाई कुनै राजनीतिक दलको प्रतिनिधि मात्र नभई एक साझा नेताको रुपमा आफूलाई अगाडि सारेर विकास निर्माणका साथै पूर्वाधार, कृषि, शिक्षा, स्वास्थ्य, रोजगार र समतामूलक समाज निर्माणमा आफूलाई अग्रसर राखी अघि बढेको छु।

५. कृषि, उद्योग, पर्यटन, पूर्वाधार, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, रोजगार र विभिन्न किसिमको लागुऔषध दुर्व्यसनमा परेका युवाहरुलाई दुर्व्यसन गर्नबाट जोगाउन विशेष किसिमका कार्यक्रम सञ्चालन गरी आदर्श समाज निर्माण गर्न लागि परेको छु। यसका लागि कुलतमा फस्ने उमेरका बालबालिकालाई मध्यनजर राखी विद्यालयस्तरमा विभिन्न किसिमका चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। युवाहरुको सीप विकास गरी आत्मनिर्भर बनाउने खालका उद्यमशिलताका कार्यक्रमहरु संचालन गरिनेछ। आन्तरिक आय बृद्धि गर्न पोखरीहरुको ठेक्का बन्दोबस्त गरिनेछ।

६. ऐतिहासिक, प्राकृतिक, धार्मिक, साँस्कृतिक एवं पर्यटकीय महत्वका दृष्टिले अत्यन्त सबल सम्भावना र अवसरहरु भएको यस गाउँपालिकाको समग्र आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार विकास प्रकृयालाई अघि वढाउन हाम्रा सामु केही चूनौतिहरु पनि छन् ।विकसित गाउँपालिकाको अनुभूति दिलाउनु, सीमित साधन स्रोत र जनशक्तिका माध्यमबाट आवश्यकताहरुलाई सम्बोधन गर्नु, विकासको क्रममा पछाडि परेका वर्ग र क्षेत्रलाई विकासको मूल प्रवाहमा समाहित गर्नु, उत्पादनशील क्षेत्रमा साधन श्रोतको परिचालन गर्नु, निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिकीकरण र व्यवसायिकरण गर्नु, स्थानीयस्तरमा उद्यमशीलताको प्रवर्धन गर्न राष्ट्रिय कृषक समूह महासँघ नेपाल लगायत विभिन्न साझेदार सँस्थाहरु को समन्वयमा "**एक गाउँ एक उत्पादन**" कार्यक्रम सञ्चालन गर्ने र स्वच्छ, सफा तथा सुरक्षित गाउँपालिकाको विकास गरी गाउँपालिकामा सुशासनको प्रत्याभूति गर्न चूनौतीहरुको सामना गर्दै विकासको बाटोमा अघि बढिरहेको छु।जलवायु मैत्री गाउँको अवधारणामा कृषि कार्यक्रमहरु संचालन गर्दै आईरहेको छु।

७. चूनौतिहरुका बिच विकासप्रति सम्पूर्ण गाउँवासीहरुको ऐक्यवद्धता र उत्साहले अपेक्षित उपलब्धि हासिल गर्न सकिन्छ भन्ने मैले आशा राखेको छु।साथै गाउँपालिकाको आन्तरिक आयको श्रोत वृद्धि गर्ने, गाउँपालिकाको सौन्दर्यतालाई अभिबृद्धि गर्ने र हरियाली गाउँपालिकाको निर्माण एकल प्रयासबाट मात्र सम्भव हुने स्थिति नरहेकोले यस्ता कार्यहरुलाई सार्थक र सक्रिय सहयोग पुर्‍याउन म सभा सदस्य, राजनीतिक दल, उद्योगपति, व्यापारी, युवा, विद्यार्थी, पत्रकार मित्र, शिक्षक, स्वास्थ्यकर्मी र कर्मचारीवर्ग लगायत सम्पूर्ण आदरणीय गाउँपालिकाबासीमा हार्दिक अपिल समेत गर्दछु ।

८. गाउँपालिकाको आर्थिक अवस्था, विद्यमान समस्या, कर्मचारी प्रशासन, विकास योजना लगायतका कार्यहरुप्रति गाउँपालिकाबासीले गर्नुभएको सहयोगको लागि हार्दिक आभार प्रकट गर्दछु। सुभेच्छुक मित्रहरु, आम गाउँबासीहरु र आफ्नो गाउँटोलको समस्या बोकेर गाउँपालिकासम्म आइपुग्नुभएका सर्वसाधारणको सुझाव अनुसार विगत वर्षदेखि नै काम गर्दै आएको गाउँपालिकासँग आवद्ध बैंकसँगको सहकार्यमा सामाजिक सुरक्षा भत्ता वितरणको कार्यलाई विकेन्द्रीकृत गरी वडा वडाबाट वितरण गर्ने गरिएकोमा बैंकको प्राविधिक समस्याको कारणले चालु आ. व. मा सो कार्य गर्न नसिएकोमा पुनः बैंकसँग समन्वय गरी वडा वडा बाटै वितरण गर्न पहल गर्नेछु।

९. भगवानपुर गाउँपालिकामा विगतदेखि नै अड्डा अदालत तथा सुरक्षा निकायहरुमा उच्च मात्रामा जाने उजुरीहरुलाई आपसी छलफलकै माध्यमबाट मिलापत्र गरी उक्त निकायहरुमा जाने उजुरीको संख्या विगतभन्दा करिब ९०% न्यूनीकरण गर्न सफल भएको छु।

१०. नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

११. जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ। चालु आ. व. भित्रै गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी बनाइनेछ । संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ। यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइनेछ ।

## चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण

चालु आ. व. मा विगतमा भएका भौतिक, आर्थिक, सामाजिक विकासलाई निरन्तरता दिदै किसानहरुले भोगिरहेको सिचाई असुविधालाई मध्यनजर गर्दै २ करोड ५० लाख बराबरको कृषि विद्युतीकरणको कार्य लगभग अन्तिम चरणमा पुगेकोछ।

आ. व. २०७९/८० देखि नै किसानहरुको कृषि विद्युत महशुल करिब २० लाख भुक्तानी गरिदिएको र करिब १५ लाख चालु आ. व. मा भुक्तानी हुने क्रममा रहेको छ।

गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुको डिजिटलाईजेशन गर्ने कार्य आगामी आ. व. को शुरुमै गरिनेछ।

विगत ३ वर्षमा यस गाउँपालिकाका विद्यालय बाहिर रहेका १२८ जना किशोरीहरुलाई अनौपचारिक कक्षा संचालन गरी विद्यालयमा भर्ना गराई औपचारिक शिक्षाको मुलधारमा ल्याईएको छ।

बाहिर रहेका बालबालिकाहरुको तथ्याङ्क संकलन गर्ने कार्य जारी रहेको र सो तथ्याङ्कले देखाएको बालबालिकालाई शिक्षाको मुलधारमा ल्याउने कार्य अगाडी बढाईएको छ यसलाई निरन्तरता दिईएको छ।

गरिब घर परिवार पहिचान गर्ने कार्यको लागि तथ्याङ्क संकलन गर्ने कार्य जारी रहेको र यसलाई आगामी वर्ष सम्पन्न गर्ने।

विगत ३ वर्षमा यस गाउँपालिकाले आँखा शिविर संचालन गरी १००० भन्दा बढी बिरामीहरुको निःशुल्क शल्यक्रिया गराई आँखाको ज्योति प्रदान गरिएको छ।

किसानहरुलाई तिनै तहका सरकारहरुबाट प्राप्त हुने सहयोग तथा अनुदानलाई व्यवस्थित गर्न विद्युतीय प्रणालीमा आधारित तथ्याङ्क संकलन कार्य जारी रहेको।

## विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

**विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छनः

- सडक, खानेपानी, सिंचाइ, विद्यालय, स्वास्थ्य चौकी जस्ता स्थानीय विकासको योजना निर्माण र कार्यान्वयन गर्ने
- स्थानीय आवश्यकताअनुसार विकास कार्यक्रम सञ्चालन।
- योजना तर्जुमा र बजेट प्रक्रियामा नागरिक सहभागिता गराई जनप्रतिनिधिसँग प्रत्यक्ष संवाद गर्ने अवसर
- सीपमूलक तालिम र स्वरोजगार कार्यक्रम संचालन गरी स्थानीय उद्योग, कृषि, पर्यटन तथा साना व्यवसाय प्रवर्द्धन गर्दै रोजगारी र उद्यम विकास गर्ने।
- जन्म, मृत्यु, विवाह, बसाईंसराइ दर्ता लगायतका सेवा स्थानीय स्तरमै प्राप्त भई प्रशासनिक प्रक्रियामा समय र खर्चको बचत गराई सेवा प्रवाहमा सहजता ल्याउने।
- प्राकृतिक स्रोत, सांस्कृतिक सम्पदा र स्थानीय उत्पादनको संरक्षण तथा उपयोग गरी राजस्व संकलन र स्थानीय आर्थिक विकास गर्दै स्थानीय स्रोत—साधनको उपयोग गर्ने।
- महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका समुदायको सहभागितामा वृद्धि गर्दै लक्षित कार्यक्रममार्फत सामाजिक न्याय प्रवर्द्धन गरी सामाजिक समावेशीकरणमा जोड दिने।
- स्थानीय स्तरमा विपद् जोखिम न्यूनीकरण, तयारी र राहत व्यवस्थापन गर्दै समुदायमा आधारित सुरक्षा तथा उद्धार कार्यक्रम संचालन गरी विपद् व्यवस्थापन गर्ने।
- जनप्रतिनिधिहरू नागरिकप्रति प्रत्यक्ष जवाफदेही हुने गरी स्थानीय स्तरमा पारदर्शिता र निगरानी बढाई सुशासन र जवाफदेहिता कायम गर्ने।

**विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहँदा रहँदै पनि आम गाउँपालिकाबासीले विकास निर्माण महसुश हुने गरी कार्य गर्न सफल भएका छौं।

**आर्थिक स्रोतको अभाव**

- विकास योजना र सेवा सञ्चालनका लागि पर्याप्त बजेट नहुनु।
- आन्तरिक राजस्व संकलन कमजोर हुनु।

**दक्ष जनशक्तिको कमी**

- प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव।
- कर्मचारीको बारम्बार सरुवा वा रिक्त पदहरू।

**नागरिक अपेक्षा र स्रोतबीचको अन्तर**

- जनताका अपेक्षा उच्च हुनु तर उपलब्ध स्रोत र क्षमता सीमित हुनु।
- सबै माग र आवश्यकताहरू तुरुन्त पूरा गर्न नसक्नु।

**कानुनी तथा नीतिगत जटिलता**

- केही कानुन र नीतिहरू अस्पष्ट वा कार्यान्वयनमा कठिन हुनु।

- नयाँ संघीय संरचनाअनुसार संस्थागत व्यवस्था सुदृढ नहुनु।

**आदरणीय उपस्थित महानुभावहरु,**

अब म भगवानपुर गाउँपालिकाले आ. व. २०८३/८४ को लागि विषयगत क्षेत्रमा लिएको नीति तथा कार्यक्रम बारे जानकारी गराउन चाहन्छु।

**(क) भौतिक पूर्वाधार विकास, सडक, भवन तथा वस्ती विकाससँग सम्बन्धित**

१२. भौतिक पूर्वाधारमा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने बजेटको बाबजुद कालोपत्रे सडक, ढलान सडक, कृषि सडक निर्माण गरिएकोमा आगामी आ. व. सम्पुर्ण सडकहरु प्रयोग गर्ने स्तरमा स्तरोन्नती गरिनेछ।

१३. शैक्षिक संस्थाहरुको पूर्वाधार विकासका लागि विशेष पहल गरिएकोमा विभिन्न सामुदायिक विद्यालयहरुको अधुरो भवनलाई पूर्णता दिईनेछ।

१४. गाउँ क्षेत्रहरुलाई उज्यालो बनाई राख्न सडक बत्तिको लाइन जडान गर्ने कार्य विधुत प्राधिकरणसँग समन्वय गरिएकोमा थप हाई मास लाईटको व्यवस्था मिलाइनेछ।

१५. ऐतिहासिक, धार्मिक एवं सांस्कृतिक महत्वका मठ, मन्दिर स्थल तथा पोखरीहरुलाई पर्यटकीय क्षेत्रका रुपमा विकसित गरी मास लाईटको व्यवस्था गरिनेछ ।

१६. भौतिक संरचना निर्माण गर्दा बालमैत्री तथा अपाङ्गमैत्री भवन निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

१७. यी माथिका कुराहरुलाई पुरा गर्न ४ करोड भन्दा बढी बजेट विनियोजन गरेको छु।

**(ख) आर्थिक क्षेत्रसँग सम्बन्धित**

**कृषि विकास सम्बन्धी**

१८. किसानहरुको खेतलाई बाह्रै महिना बाली लगाउन मिल्ने गरी सिचाई सुविधा पुर्याउन कृषि विद्युतीकरण कार्यलाई प्राथमिकतामा राखिएको छ यसको निम्ति आगामी आ. व. को लागि १ करोड बजेट विनियोजन गरेको छु।

१९. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार पूर्वाधार निर्माणमा जोड दिइनेछ।

२०. साना सिँचाईको व्यवस्था गरी कृषि उत्पादकत्वलाई वृद्धि गर्दै आय आर्जनमा टेवा पुऱ्याउने हेतुले नगदेबालीमा तरकारी खेती गर्न प्रोत्साहन दिने व्यवस्था मिलाउनेछु ।

२१. गाउँपालिका तथा सरोकारवालाहरूको पहलमा ५ वर्षे कृषि रणनीति तयार गरिनेछ।

२२. निस्कृय रहेका कृषक समूहहरुलाई गोष्ठी, अभिमुखीकरणको माध्यमबाट कृषिमा आत्मनिर्भर बनाई निर्यातमुखी कृषि उत्पादनलाई विशेष जोड दिइनेछ।

२३. उन्नत गहुँको बीउमा दिइँदै आएको अनुदानलाई निरन्तरता दिईनेछ।

**पशुपन्छी विकास सम्बन्धी**

२४. गाई वस्तुमा लाग्ने लम्पीस्किन जस्ता महामारीबाट जोगिन पुर्व तयारी गरेकोछु, यसको लागि आवश्यक बजेट समेत विनियोजन गरेको छु।

२५. पर्याप्त मात्रामा कृषि प्राविधिकको व्यवस्था गरी गाउँटोलमै प्राविधिक सेवा उपलब्ध हुने व्यवस्था मिलाएको छु।

२६. निः शुल्क घाँसको बीउ वितरण कार्यलाई निरन्तरता दिईनेछ।

२७. व्यवसायिक पशुपंक्षी पालनलाई प्रोत्साहन तथा प्राथमिकता दिइनेछ।

**ग) सामाजिक क्षेत्र**

**शिक्षा तथा खेलकुद**

२८. शिक्षा क्षेत्रमा समयानुकुल परिमार्जन गरी सामुदायिक विद्यालयहरुको प्रधानाध्यापकको भेला, सामुदायिक विद्यालयको लागि न्यूनतम एक कक्षा एक शिक्षकको व्यवस्थाका लागि स्वयंसेवक शिक्षकको व्यवस्थाका साथै तीनवटै मा. वि. मा एक एक जना कम्प्युटर शिक्षकको व्यवस्था मिलाईएकोमा सोलाई आगामी आ. व. मा पनि निरन्तरता दिईनेछ। सामुदायिक विद्यालयहरुलाइ सूचना प्रविधिमैत्री बनाईनेछ।

२९. सामुदायिक विद्यालयहरुलाई सुरक्षित शैक्षिक स्थलको रुपमा विकास गर्न सिसिक्यामेरा लगायतका निगरानीका उपकरणहरु जडान गरिनेछ।

३०. बाह्रै महिना सहज वातावरणमा पढाई गराउने उद्देश्यले वातावरण अनुकुल हुने विद्युत पंखाहरु जडान गरिनेछ। साथै सुरक्षाका उपकरणहरु समेत जडान गरिनेछ।

३१. विद्यालय जाने उमेरका बालबालिकाहरु विद्यालयमा भर्ना गराईएको किशोरी शिक्षा संचालन गरी १२८ जना किशोरीहरुलाई विद्यालय भर्ना गराईएको छ र सो कार्यलाई निरन्तरता दिईनेछ।

३२. सामुदायिक विद्यालयका प्राथमिक तहका बालबालिकालाई विद्यालय आउन अभिप्रेरित गर्न पोशाक उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।

३३. उत्कृष्ट कार्यसम्पादन गरी गाउँपालिकाभरी माध्यमिक शिक्षा परीक्षा (SEE)मा उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई पुरस्कृत गरिनेछ।

३४. कक्षा ९ देखि १२ सम्मका छात्राहरुलाई प्रोत्साहन गर्न साईकल उपलब्ध गराईनेछ।

३५. विद्यालयस्तरीय खेलकुद प्रतियोगितालाई विशेष जोड दिईनेछ।

३६. शिक्षण कार्यमा अत्याधिक रुपमा विधुतीय माध्यमको पहुँच बढाउँदै प्रविधि मैत्री शिक्षा अवलम्बन गरिनेछ।

३७. फर्निचरको अभाव झेलिरहेको विद्यालयहरुलाई चालु आ. व. मै पर्याप्त मात्रामा उपलब्ध हुनेछ।

३८. स्वीकृति नलिई संचालन गरिएका सामुदायिक तथा संस्थागत र नीजि विद्यालयलाई निरुत्साहित र नियन्त्रण गर्दै कानुनी दायरामा ल्याइनेछ। मापदण्ड पुगेका संस्थागत र निजी विद्यालयहरुलाई थप कक्षा संचालनको लागि अनुमति दिइनेछ।

३९. पठन-पाठन कार्यका लागि अभिभावकहरुलाई बढी जिम्मेवारपूर्ण भूमिकाको लागि सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ। समय समयमा अभिभावक भेला गराईनेछ।

४०. विद्यालयको नयाँ बन्ने भौतिक संरचनाहरु बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री बनाइनेछ ।

४१. बस्ती बस्तीमा निरक्षर जनसंख्याको पहिचान गरी अनौपचारिक शिक्षा संचालन गर्न पहल गरिनेछ। निजी विद्यालयहरुमा विपन्न र दलित विद्यार्थीलाई छात्रवृत्तिको लागि गाउँपालिकाले सिफारिस गरी छात्रवृत्ति प्रदान गर्न लगाउने छ।

४२. अनुमति प्रदान गरिएका विद्यालयहरुमा आवश्यक दरबन्दी प्रदान गर्न पहल गरिनेछ । शिक्षकहरुलाई प्रचलित शिक्षा ऐन, नियमावली तथा कार्यविधिको सारभूत प्रावधानको प्रतिकुल असर नपर्ने गरी भगवानपुर गाउँपालिकाका क्षेत्र भित्रका विद्यालयहरुमा आवश्यक्ता पहिचान गरी अन्य विद्यालयहरुमा कामकाजमा खटाउने व्यवस्था मिलाइनेछ।

४३. बालबालिकाहरुलाई खेलकुद तथा अतिरिक्त क्रियाकलापहरुमा बढी भन्दा बढी सहभागी गराई बौद्धिक, मानसिक एवम् शारीरिक पक्षको विकासमा जोड दिइनेछ। जिल्ला स्तरीय अध्यक्ष कप क्रिकेट संचालन गरिएकोमा सो थप परिष्कृत गरी निरन्तरता दिईनेछ।

४४. शिक्षकहरुको पेशागत दक्षताका लागि क्षमता विकास तालिमहरु सञ्चालन गरिएकोमा सोलाई निरन्तरता दिई प्र.अ.का लागि व्यवसायिक क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालनमा विशेष जोड दिइनेछ ।

४५. विद्यालयको लेखा परीक्षण तथा सामाजिक परीक्षणलाई पारदर्शिता एवम् यथार्थमूखि बनाउन प्रोत्साहित गरिनेछ ।

४६. प्रत्येक विद्यालयमा विद्युतीय हाजिरीको व्यवस्था मिलाईनेछ।

४७. यस गाउँपालिकामा रहेका सबै विद्यालय तथा बाल विकास केन्द्रलाई स्तरवृद्धि गरी शिक्षकहरुलाई क्षमता विकासको कार्यक्रम ल्याइनेछ।

४८. यस गाउँपालिकाको पहलमा एन. आइ. सी. एशिया बैंकबाट निर्माण भएको पुस्तकालयलाई सामुदायिक पुस्तकालयको रुपमा रुपान्तरण गरी संचालन गरिनेछ।

४९. अनौपचारिक शिक्षाका कार्यक्रमहरु संचालन गरी साक्षर गाउँपालिका घोषणा गर्नेतर्फ काम अगाडि बढाइनेछ।

५०. गाउँपालिकाभित्र रहेका ३ वटै माध्यमिक विद्यालयमा १-१ जना कम्प्युटर शिक्षकको व्यवस्था मिलाईएकोमा सोलाई निरन्तरता दिईनेछ।

५१. स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ।

**<u>घ) विज्ञान तथा सूचना प्रविधि सम्बन्धी</u>**

५२. जनतालाई सुसूचित गराउन विकास निर्माणका सम्पूर्ण गतिविधिहरु रेडियो तथा पत्रपत्रिका मार्फत प्रचार प्रसार एवं जानकारी गराइनेछ । गाउँपालिकाको गतिविधिलाई विधुतीय सञ्चार माध्यमबाट सार्वजनिक गर्ने नीति अनुरुप कार्यालयको अधिकारिक वेबसाइट तथा स्थानीय सञ्चार माध्यमबाट प्रशारण गरिदै आएकोमा सोलाई निरन्तरता दिईनेछ।

५३. गाउँपालिकाको प्रत्येक वडामा ईन्टरनेट पुगिसकेकोले ईन्टरनेटको सुरक्षित प्रयोग सम्बन्धी युवा तथा अभिभावकहरुलाई आवश्यक अभिमुखिकरणको कार्यक्रम संचालन गरिनेछ।

५४. गाउँपालिका तथा अन्तर्गतका निकायहरुको अभिलेख सुरक्षित राख्न व्यवस्थापनमा नविनतम सूचना प्रविधिको प्रयोग गरिनेछ ।

५५. गाउँ कार्यपालिका भवन र सडक यातायातलाई सुरक्षित राख्न लामो समयसम्मको भिडियो फुटेज भण्डारण गरी चौबिसै घण्टा निगरानीमा राखिनेछ।

५६. गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त राख्न खरिद भएका सफ्टवेयरहरुलाई आफ्नै सर्भरको व्यवस्था गरी सञ्चालनमा ल्याउने नीति लिइएको छ।

५७. इन्ट्रानेटको व्यवस्था गरी सम्पूर्ण वडालाई गाउँ कार्यपालिकाबाट नियमन गर्ने व्यवस्था मिलाईनेछ।

५८. सेवाग्राहीलाई सेवामा सहजता पुर्याउन गाउँ कार्यपालिकाको कार्यालयमा एउटा हेल्प डेस्कको व्यवस्था गरिनेछ।

५९. गाउँ कार्यपालिकाको कार्यालय तथा गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुलाई विद्युतीय सुशासन तथा सूचना प्रविधि सम्बन्धी अभिमुखीकरण एवम् तालिमको व्यवस्था गरिनेछ।

__ङ) स्वास्थ्य तथा जनसंख्या__

६०. प्राथमिक स्वास्थ्य केन्द्र भगवानपुरमा मेडिकल अधिकृत (एमबिबिएस) नियुक्त गरी सेवालाई गुणस्तर बनाउँदै आईएकोमा सोलाई निरन्तरता दिईनेछ।वडा वडामा रहेका आधारभुत स्वास्थ्य चौकी र स्वास्थ्य चौकीहरुलाई आफ्नै भवनबाट संचालन गर्ने लक्ष्य लिईएकोमा सोलाई आगामी आ. व. मा पूर्णता दिईनेछ।

६१.प्राथमिक स्वास्थ्य केन्द्र भगवानपुरबाट आगामी आ. व. देखि भिडियो एक्स-रे मेसिन जडान गरी सेवाग्राहीलाई निःशुल्क सेवा प्रदान गरिनेछ।

६१. विगत वर्षहरुदेखि नै संचालन हुँदै आएको आँखा शिविर आगामी आ. व. मा समेत संचालन गरिनेछ। यसका साथै कान शिविर समेत संचालन गरिनेछ।

६२. प्राथमिक स्वास्थ्य केन्द्र भगवानपुरमा संचालनमा रहेको प्रयोगशालालाई थप स्तरीय बनाउन पहल गरिनेछ।

६३. स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) ले निर्धारण गरेको सूचकहरुमा उत्कृष्ट अंक ल्याउने व्यवस्था मिलाईनेछ।

६४. भगवानपुर गाउँपालिका अन्तर्गतका सम्पुर्ण स्वास्थ्य संस्थामा नियमित औषधिको आपुर्ति र भण्डारणको व्यवस्था मिलाइएकोमा सोलाई निरन्तरता दिदै थप परिष्कृत गरिनेछ।

६५. नियमितरुपमा संचालित खोप कार्यक्रम, गाउँघर क्लिनिक(PHC ORC), मातृशिशु स्वास्थ्य तथा पोषण कार्यक्रमलाई अझ प्रभावकारीरुपमा अगाडी बढाइनेछ ।

६६. आत्महत्या रोकथाम न्युनिकरण गर्न विभिन्न सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

६७. स्वास्थ्य संस्थाबाट प्रदान गरिने बिभिन्न कार्यक्रमहरुको प्रतिवेदनलाई सूचना प्रविधिसंग जोड्न ल्यापटप र कम्प्युटरको साथ साथै ईन्टरनेटको समेत व्यवस्था गरिएकोमा सोको समुचित प्रयोग गरी सूचना प्रविधिमैत्री स्वास्थ्य सेवा प्रदान गरिनेछ।

६८. गाउँपालिका भित्र कार्यरत रहेका महिला सामुदायिक स्वास्थ्य स्वंय सेविकाहरुको विभिन्न किसिमको तालिम र सिपको विकास यातायात खर्चको रुपमा पाउने सेवा सुविधालाई विस्तार गरिनेछ ।

६९. महिलाहरुमा स्त्री रोग सम्बन्धि शिविर संचालन गरि पाठेघरका रोगीहरुलाई उचित उपचार तथा शल्यक्रिया शिविर संचालन गरिनेछ।

७०. चालु आ. व. भित्रै प्राथमिक स्वास्थ्य केन्द्र र बालासुन्दरी मन्दिरको प्राङ्गणमा सार्वजनिक शौचालय निर्माण गरिनेछ।

७१. प्रतिकारात्मक, प्रबर्द्धनात्मक र उपचारात्मक सेवाहरुलाई निरन्तरता दिइनेछ।

७२. यस गाउँपालिकालाई पूर्ण सरसफाई घोषणा गर्न यस गाउँपालिकाका सबै वडा र बस्तीहरुमा खानेपानी तथा शौचालयहरुको अनुगमन तथा निरिक्षण गरी आवश्यक व्यवस्थापन गर्न पहल गरिनेछ। ठाडी बस स्टेण्डमा सार्वजनिक शौचालय निर्माण गरिनेछ।

७३. स्वास्थ्य क्षेत्रमा लगानी गर्न चाहने संघ/संस्था तथा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

७४. लामखुट्टेको टोकाईबाट जोगाउन दलित तथा विपन्न परिवारलाई झुल उपलब्ध गराईनेछ।

**<u>च) लैंगिक समानता र सामाजिक समावेशीकरण</u>**

७५. महिला, युवा, अपाङ्गता भएका तथा बालबालिकाको अधिकारको सुनिश्चितताका लागि सरकारी, गैर सरकारी र नीजि क्षेत्रका सबै सरोकारवालासँग सहकार्य गरिनेछ ।

७६. लक्षित वर्गहरुको क्षमता विकासको लागि चालु आ. व. मा संचालित महिला सीप विकास, जनजाती समुदायको सीप विकास, मुस्लिम समुदायको महिला सशक्तिकरण तथा सीप विकास, दलित समुदायको सशक्तिकरण र क्षमता विकास कार्यक्रम संचालन गरिएकोमा सोलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइनेछ।

७७. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट संचालित व्यवस्थापन सूचना प्रणालीमा नयाँ नाम दर्ता, लगत कटा परिचय पत्र वितरण गरी सबै वडा कार्यालयले प्रत्येक चौमासिकमा आ-आफ्नो वडा कार्यालयमा सार्वजनिक गरी गाउँपालिकामा सोको विवरण पेश गर्न लगाइनेछ ।

७८. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नयाँ नाम दर्ता तथा समयमै नविकरण गर्ने सूचना प्रसारण गर्न माईकिङ गरी प्रचार प्रसार गरी सुसूचित गरिनेछ।

७९. बालमैत्री स्थानीय शासनको अवधारणालाई संस्थागत गर्ने नीति लिईनेछ ।

८०. विभिन्न लक्षित वर्गहरुलाई क्षमता विकासको लागि लैङ्गिक उत्तरदायित्व बजेटको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

८१. महिला तथा बालबालिका माथि हुने विभिन्न प्रकारको घरेलू हिंसाको निवारण सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।बालश्रम शोषण र बाल विवाहलाई पूर्ण रुपमा निरुत्साहित गर्दै साविकमा सञ्चालित बालमैत्री सुशासनको अवधारणालाई कार्यान्वयन गर्ने कार्यलाई थप कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

८२. महिला तथा बालबालिकाको लागि आर्थिक, सामाजिक लगायत अन्य शसक्तिकरण र क्षमता विकासमा टेवा पुऱ्याउन विषेश पहल गरिनेछ।

८३. अपाङ्गता तथा फरक क्षमता भएका व्यक्तिहरुलाई लक्षित गरी सार्वजानिक सरोकार रहने भौतिक संरचनाहरुको निर्माण गर्दा अपाङ्गमैत्री संरचना निर्माणका लागि गाउँपालिकाबाट आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

**<u>छ) सरकारी तथा गैर सरकारी संघ संस्था</u>**

८४. यस भगवानपुर गाउँपालिका क्षेत्रमा आफ्नो कार्यक्षेत्र बनाएका गैर सरकारी संघ संस्थाहरुलाई कार्यक्रम सञ्चालन गर्न उक्त संघ संस्थाहरुको कार्यक्रम बजेट, समय तालिका कार्यक्रमको औचित्य, प्रभाव, लाभान्वित क्षेत्र समेतको विश्लेषण र मुल्याङ्कन गरेर मात्र राय सहित स्वीकृति दिइनेछ साथै भगवानपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले प्रस्तावित कार्यक्रमको क्षेत्र परिवर्तन गर्न सक्नेछ र गाउँपालिकाको कार्यालयमा एक गैरसरकारी संघ संस्था अनुगमन ईकाई गठन गरी अनुगमन कार्यलाई प्रभाकारी बनाइनेछ।

**ज) सहकारी र गरीबी निवारण**

८५. सहकारी संघ संस्थाहरुको सहयोग र सहकार्यमा विभिन्न सीपमूलक तालिम गरिनेछ ।

८६. सहकारी संघ संस्थाहरु तथा गाउँपालिका वीच जवाफदेहीता सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम गरिनेछ ।

८७. सहकारी संस्थाहरुको अवलोकन गरिनेछ ।

८८. सहकारी संस्थाको अभिलेखीकरण तथा प्रतिवेदन प्रकाशन गरिनेछ ।

८९. सहकारी संस्थाका पदाधिकारीलाई सहकारी व्यवस्थापन सम्बन्धी तालिम दिइनेछ ।

९०. सहकारी संस्थाहरुलाई कोपोमिस तालिम गराइनेछ ।

९१. सहकारी संस्थाका पदाधिकारीहरुलाई सहकारी लेखापालन तालिम दिइनेछ ।

**झ) वातावरण तथा विपद व्यवस्थापन**

९२. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्युनिकरण सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याईनेछ।

९३. विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, नीजि क्षेत्रसँगको सहयोग समन्वय र सहकार्य गरिनेछ ।

९४. विपद् पूर्व तयारीको लागि खाद्यान्न, पानी, औषधी तथा अन्य राहत सामग्रीहरुको व्यवस्थापन गरिने छ।

९५. जाडो महिनामा शीतलहरबाट बच्न दलित तथा विपन्न परिवारलाई कम्बल उपलब्ध गराईनेछ।

**ञ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

९६. सरकारी तथा गैरसरकारी संस्थाहरुको नीति, कार्यक्रम लगायतका विषयमा सुधार ल्याउन सूचना तथा अभिलेख केन्द्रलाई सुदृढिकरण गरिनेछ ।

९७. भगवानपुर गाउँपालिकामा रहेको जनशक्तिको पहिचान गरी गैरसरकारी संस्थाहरूले कुनै पनि कार्यक्रमको लागि जनशक्ति छनौट गर्दा समावेशिताको सिद्धान्त, सहायता मिलान (aid harmonization) को सिद्धान्त अवलम्वन गर्ने नीति लिईनेछ ।

९८. गाउँपालिकाको वस्तुस्थिति झल्कने प्रोफाईल तयार गरिएमा सोलाई अध्यावधिक गरिनेछ।

९९. कर्मचारीहरुलाई काम प्रति बढी जिम्मेबार बनाइ प्रोत्साहन गर्न गाउँपालिका मातहातका विद्यालय र स्वास्थ्य संस्थामा उत्कृष्ट काम गर्ने कर्मचारीलाई गाउँ कार्यपालिकाको निर्णय अनुसार पुरस्कृत र सम्मान गरिनेछ।

१००. गाउँपालिकाद्धारा प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी पारदर्शी एवं जनउत्तरदायी बनाउन बुलेटिन ब्रोशर प्रकाशन, सार्वजनिक सुनुवाई सामाजिक परिक्षण, सार्वजनिक परिक्षण नियमित समीक्षा गरि सुशासनको प्रत्याभुति दिइनेछ ।

१०१. सेवा प्रवाहको लागि विद्युतीय प्रणालीहरुको प्रयोगमा जोड दिई अनलाइन सेवाको विस्तार गर्दै सेवा प्रवाहको स्तर बढाउदै लगिनेछ ।

१०२. गाउँपालिकाका मातहतका कर्मचारी प्रशासन सम्बन्धी विनिमय, कर्मचारी कल्याण कोष, मर्मत सम्भार कोष लगायतका विनिमय, निर्देशिका तथा कार्यविधिहरु तयार गरी लागु गरिनेछ ।

**<u>ट) उद्यम र उद्यमशिलता</u>**

१०३. लघु उद्यम कार्यक्रमलाई थप प्रभावकारी बनाउन उद्यमी बन्न लागि ईच्छुक महिलालाई यन्त्र उपकरण सहित सीप विकासको तालिम संचालन गरिनेछ।

१०४. यस गाउँपालिकामा गरिवीको रेखामुनी रहेका महिला ,पुरुष र युवा युवतीहरुलाई लक्षित गरी लघु उद्यम विकास (मेड) मोडेल मार्फत देहायको कार्यक्रम गरी लघु उद्यमी सिर्जना गरिनेछ ।

क) नयाँ उद्यमी सिर्जना

ख) स्तरोउन्नती तथा एडभान्स सिप तालिम

ग) समूहमा प्रविधि हस्तान्तरण

१०५. लघु उद्यमशिलताका लागि सिप तथा क्षमता विकास गरी स्वरोजगार कार्यक्रम संचालन गरिएकोमा सोलाई निरन्तरता दिईनेछ ।

१०६. कृषि तथा पशुमा आधारित व्यावसायिक कार्यक्रमहरु संचालन गरिएकोमा आगामी आ. व. मा पनि निरन्तरता दिईनेछ ।

१०७. स्थानीय तहमा उद्योग व्यावसाय दर्ता गर्ने प्रकृया संचालन गरिएकोमा सोलाई निरन्तरता दिईनेछ ।

**<u>ठ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक</u>**

१०८. सीपमूलक र व्यवसायमुखी बनाउन सीपमूलक तथा क्षमता अभिवृद्धि तालिमको समेत व्यवस्था गरिनेछ।

१०९. समूह समिति संस्थाका महिला सदस्यहरुलाई बचत परिचालन ऋण लगानी असुली हिसाब किताब व्यवस्थापन सम्बन्धि प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

११०. सामाजिक कुप्रथाको रुपमा रहेको दाइजो प्रथा बालविवाह बहुविवाह, अनमेल विवाह जस्ता महिला विरुद्धका कुरीति भेदभाव हिंसा अन्त्य गर्नका लागि सामाजिक जागरण, सशक्तिकरण कार्यक्रम संचालन गरिएकोमा सोलाई निरन्तरता दिईनेछ। महिला हिंसा विरुद्ध कडा कानुनी प्रावधान अबलम्बन गरिनेछ ।

१११. हिंसा प्रभावित महिलाहरुलाई मनोपरामर्श/तनाव व्यवस्थापन सम्बन्धी तालिमको ब्यवस्था मिलाइनेछ।बालिका संजाल गठन गरिएको छ।

११२. लागु औषध दुर्व्यसनमा लागेका बालबालिकाहरु तथा आत्महत्याको शिकार भएका बालबालिकाहरुको जीवन रक्षाको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको सोलाई निरन्तरता दिईनेछ।

११३. मानव बेचविखन तथा ओसारपोसार विरुद्ध अन्तर्क्रियात्मक कार्यक्रम गरिनेछ ।

११४. बालबालिका सम्बन्धी ऐन ,२०७५ ले व्यवस्था गरे अनुसार स्थानीय तहमा बालअधिकार समिति गठन तथा परिचालन, बालकोषको स्थापना तथा बाल कल्याण अधिकारीको नियुक्ति र परिचालनको कार्यक्रमहरु गरिनेछ ।

११५. स्थानीय तहमा बालबालिका हराउने, वेवारिसे बच्चा फेला पर्ने, वेचविखन तथा ओसार पसारमा पर्ने, हिंसा दुर्व्यवहार, शोषण तथा अन्य जोखिममा पर्न सक्ने अवस्थालाई मध्यनजर गर्दै बालबालिकाको संरक्षणका लागि नेपाल प्रहरीसंगको सहकार्यमा स्थानीय प्रहरी मार्फत विशेष सचेतना कार्यक्रम संचालन गरिनेछ ।

११६. ज्येष्ठ नागरिक परिचय पत्र वितरण गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

११७. आर्थिक रुपमा विपन्न असहाय अशक्त ,ज्येष्ठ नागरिक एवं एकल, हिंसा प्रभावित महिलाहरुलाई न्यायिक समिति मार्फत निःशुल्क कानूनी सेवा उपलब्ध गराइनेछ ।

## ड) अपाङ्गता

११८. अपाङ्गता परिचय पत्र वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

११९. अपाङ्गता भएका व्यक्ति हरुको क्षमता अभिवृद्धि का लागि क्षमता अनुकुल सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

१२०. चालु आ. व. मा १५ वटा व्हिलचेयर वितरण अपाङ्गता भएका व्यक्तिलाई ट्राईसाईकल उपलब्ध गराईनेछ।

१२१. अपाङ्गता भएका व्यक्तिहरुलाई उचित सम्मान गरिनेछ ।

१२२. अपाङ्गता भएका व्यक्तिहरुको तथ्यांक संकलन तथा अभिलेखांकन गरिनेछ ।

## ढ) राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम

१२३. यस गाउँपालिकाको रोजगार सेवा केन्द्रको रोजगार व्यवस्थापन सूचना प्रणालीमा बेरोजगारहरुलाई सूचिकृत गराई रोजगारी उपलब्ध गराईनेछ ।

१२४. रोजगार व्यवस्थापन सूचना प्रणालीलाई थप विकसित गर्दै श्रमबजारमा रहेका श्रमिकहरूको सीप र क्षमताको उपयोग गर्न सहज हुने गरी कार्यक्रम संचालन गरिनेछ।

१२५. सुरक्षित आप्रवासन कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ।

## ण) बजेट निर्माण तथा कार्यान्वयन सम्बन्धि नीति

१२६. स्थानीय सरकार संचालन ऐन, २०७४ तथा योजना तर्जुमा दिग्दर्शनले मार्गदर्शन गरेका सहभागितामूलक योजना तर्जुमा गरिनेछ।

१२७. जनसहभागिता अभिवृद्धि गर्नको लागि साझेदारी नीतिलाई प्रवर्द्धन गरिनेछ।

१२८. सेवाग्राहीको पृष्ठपोषण लिने पद्दतिलाई संस्थागत गरिनेछ ।

**उपस्थित आदरणीय सभा सदस्य एवम् महानुभावहरु,**

अब म आगामी आ. व. २०८३/८४ को बजेटको सारांश प्रस्तुत गर्न चाहन्छु।

| २०८३/८४ को बजेट अनुमान रकम रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|
| अनुमानित आय | | | अनुमानित व्यय | | |
| शिर्षक | रकम | | चालु | पूँजीगत | कैफियत |
| **आन्तरिक आय (जम्मा)** | **२००००** | **२ करोड** | **१२०००** | **८०००** | |
| आन्तरिक राजस्व | १०००० | १ करोड | १०००० | ० | |
| चालु आ. व. को अनुमानित (बैंक मौज्दात अल्या हुने) | १०००० | १ करोड | २००० | ८००० | |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण (जम्मा)** | **३४७५२६** | **३४ करोड ७५ लाख २६ हजार** | २३०५७० | ११५९५६ | |
| राजस्व बाँडफाँट | ८३५७० | ८ करोड ३५ लाख ७० हजार | ८३५७० | ० | |
| नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ८६८०० | ८ करोड ६८ लाख | २०००० | ६६८०० | |
| नेपाल सरकारबाट प्राप्त समपुरक अनुदान | १८५०० | १ करोड ८५ लाख | ० | १८५०० | |
| नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान चालु | १२७००० | १२ करोड ७० लाख | १२७००० | ० | |
| नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान पूजीगत | ८८०० | ८८ लाख | ० | ८८०० | |
| नेपाल सरकारबाट प्राप्त विशेष अनुदान | १०००० | १ करोड | ० | १०००० | |
| प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ५८५६ | ५८ लाख ५६ हजार | ० | ५८५६ | |
| प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान पुँजीगत | ४००० | ४० लाख | ० | ४००० | |
| प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान | ० | ० | ० | ० | |
| प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान | २००० | २० लाख | ० | २००० | |
| **सामाजिक सुरक्षा भत्ता वापत** | **१०००००** | **१० करोड** | **१०००००** | **०** | |

| | | | | | |
|---|---|---|---|---|---|
| **कुल जम्मा** | ४६६५२६ | **४६ करोड ६५ लाख २६ हजार** | ३४२५७० | १२३९५६ | |

**आदरणीय सभा सदस्य लगायत उपस्थित महानुभावहरु,**

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने चरणमा प्रत्यक्ष वा परोक्षरुपमा सहयोग पुर्याउनुहुने गाउँ कार्यपालिका सदस्य, सभा सदस्य, राष्ट्रसेवक कर्मचारी, आम स्थानीय नागरिक, राजनीतिक दल, बौद्धिक वर्ग, समाजसेवीहरु प्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु। विगतका वर्षमा गाउँपालिकाले लिएका दीर्घकालिन क्षेत्रगत नीतिहरुको प्रभावकारीरुपमा कार्यान्वयन हुन सकेमा भगवानपुर गाउँपालिकाको भौतिक पूर्वाधार, आर्थिक, सामाजिक, सांस्कृतिक एवं मानवीय पक्षको विकासमा सकारात्मक प्रभाव पर्ने हुँदा यसको सफल कार्यान्वयनका लागि सम्बद्ध सबै सरोकारवाला पक्षहरुबाट सदा झै निरन्तर सहयोगको अपेक्षा सहित प्रस्तुत नीति तथा कार्यक्रमको छलफलमा यस सभाबाट थप रचनात्मक सुझावहरुको अपेक्षा सहित हार्दिक कृतज्ञता प्रकट गर्दछु।

**धन्यवाद!**

**उग्र नारायण यादव**
**गाउँपालिका अध्यक्ष**